नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौं ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७६/७७
च.नं.:- २९

मितिः २०७६/४/२१

विषयः अधिकार प्रत्यायोजन सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
सबै (७७)

वातावरण संरक्षण ऐन, २०५३ र नियमावली २०५४ अनुसार नदीजन्य पदार्थ संकलन/उत्खनन् सम्बन्धी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्ने यस मन्त्रालयमा रहेको अधिकार वातावरण संरक्षण नियमावली, २०५४ को नियम ५२ (२) बमोजिम जिल्ला समन्वय समिति (बोर्ड) लाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा तपसील बमोजिम गर्ने गरी नेपाल सरकार (मा.मन्त्रिस्तर) बाट मिति २०७६/०४/१९ मा निर्णय भएकाले सोहि बमोजिम गर्न गराउनु हुन अनुरोध छः

तपसिलः

१. वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ अनुसार नदीजन्य पदार्थ संकलन/उत्खनन् सम्बन्धी प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार जिल्ला समन्वय समिति (बोर्ड) लाई ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड/कार्यविधि, तयार नभए सम्मको लागि बढीमा २०७६ पुस मसान्त सम्म प्रत्यायोजन गर्ने,
२. प्रत्यायोजित अधिकार बमोजिम स्वीकृत भएका प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन कार्यन्वयन अवस्थाको अनुगमन मन्त्रालयको वातावरण व्यवस्थापन शाखाले गर्न सक्ने,
३. बुंदा नं. १ अनुसार प्रत्यायोजित अधिकार बमोजिम प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा उक्त कार्यसूची अनुसार तयार गरिएको प्रतिवदन जिल्ला समन्वय समितिले वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ को अधिनमा रही स्वीकृत गर्दा निम्न शर्तहरु समेतको पालना गर्ने .

शर्तहरुः

१) जिल्ला समन्वय समितिले प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा प्रतिवेदन स्वीकृत गर्नु अघि जिल्ला समन्वय अधिकारीको संयोजकत्वमा देहाय बमोजिम जिल्लास्तरीय प्रारम्भिक वातावरणीय परिक्षण पुनरावलोकन तथा सिफारिस समिति गठन गरी सो समितिमा मस्यौदा प्रतिवेदन उपर छलफल गराई सो समितिको सिफारिसको आधारमा प्रतिवेदन स्वीकृत गर्नुपर्ने :

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com


प.सं.:-२०७६/७७
च.नं.:- ४३

| | |
|---|---|
| क) जिल्ला समन्वय समितिका समन्वय अधिकारी | संयोजक |
| ख) जिल्ला समन्वय समितिले तोकेको जिल्ला वन कार्यालय वा प्रदेश वन कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| ग) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको कर्मचारी प्रतिनिधि | सदस्य |
| घ) जिल्ला समन्वय समितिको इन्जिनियर वा जिल्ला समन्वय समितिले तोकेको इन्जिनियर | सदस्य |
| ङ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| च) जिल्ला समन्वय अधिकारीले तोकेको अधिकृत | सदस्य सचिव |

२) नदीजन्य पदार्थको उत्खनन सम्बनधी कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षणको प्रस्तावक सम्बन्धित स्थानीय तह रहने ।

३) जिल्ला स्तरीय प्रारम्भिक वातावरणीय परिक्षण पुनरावलोकन तथा सिफारिस समितिले प्रचलित कानून बमोजिम खुलाउनुपर्ने विवरणको अलावा प्रतिवेदनमा देहायको विषयहरु समावेश भए नभएको यकिन गरी नभएको भए समावेश गर्न लगाएर मात्र सिफारिस गर्नुपर्नेछ ।

क) संकलन/उत्खनन् वा दोहन गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समायावधि र स्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखांकन सहितको नक्सा,

ख) नदीजन्य पदार्थ संकलन/उतखनन् गर्दा प्रयोग गर्ने विधि र सो विधिमा प्रयोग हुने मेशिन औजार उपकरण तथा यन्त्र,

ग) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा परामर्श दाताको बिज्ञ समूहमा कम्तिमा देहायको बिज्ञ समावेश भएको हुनुपर्नेछ,

१. जियोलोजिष्ट एकजना
२. वातावरण विज्ञ एकजना
३. आवश्यक्तानुसार सम्बन्धित विज्ञ (सामाजिक, आर्थिक आदि)

घ) प्रतिवेदनमा प्रस्तुत नकारात्मक असर न्यूनीकरणका लागि अपनाईएका उपायहरुको बिश्लेषण गरी कार्यान्वयनका लागि आवश्यक बजेट समेत विनियोजन गर्ने,

४) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्दा यस सम्बन्धि विषयमा सम्मानित सर्वोच्च अदालतबाट भएका निर्णयहरु, नेपाल सरकारका निर्णयहरु, मन्त्रिपरिषदको निर्णय, वन तथा वातावरण मन्त्रालयको निर्णय र यस मन्त्रालयबाट समयसमयमा जारी भएका निर्देशनहरुको पालना हुने गरी गर्ने,

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७६/७७
च.नं.:-

५) जिल्ला समन्वय समिति प्रमुखको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा समन्वय समिति मार्फत गरिने जिल्लास्तरीय अनुगमन कार्ययोजना समेत प्रतिवेदनको अंगको रुपमा समावेश गर्ने । प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार कार्य भए नभएको सम्बन्धमा जिल्लास्तरीय अनुगमन तथा समन्वय समितिले अनुगमन गरी मन्त्रालयलाई समेत प्रतिवेदन उपलब्ध गराउने,

६) स्वीकृत प्रतिवेदनको प्रमाणित प्रतिलिपि स्वीकृत भएको १५ दिनभित्र मन्त्रालयको वातावरण तथा विपद व्यवस्थापन शाखामा उपलब्ध गराउने साथै विद्युतीय प्रति सम्बन्धित स्थानीय तहको आफ्नो वेबसाइटमा समेत अनिवार्य रुपमा राख्नु पर्ने,

७) प्रत्यायोजित अधिकारको कार्यान्वयन सम्बन्धमा कुनै बाधा अड्चन आएमा परेको बाधा र सोको समाधानका लागि सम्भाव्य उपाय सहित मन्त्रालयमा निकासका लागि लेखि पठाउने ।

८) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गर्दा लाग्ने प्रशासनिक खर्चको व्यवस्था प्रस्तावक स्थानीय तहले मिलाउने ।

(रीनु थपलिया)
शाखा अधिकृत

**बोधार्थ:**

श्री सूचना तथा प्रविधी शाखा (पत्र वेभसाईटमा अपलोड गरिदीनुहुन) ।
श्री स्थानीय तहहरु (सबै, ७५३)